नरैनापुर गाँउपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नरैनापुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

नरैनापुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नरैनापुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या २०७७/७८

मितिः-२०७७/०९/२३

# सूचना ! सूचना !! सूचना !!!

प्रस्तुत विषयमा यस नरैनापुर गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक कार्यक्रममा समावेश भएका वडागत तथा पालिकागत योजनाहरु चुस्त दुरुस्त कार्यान्वयन गर्नका लागि मिति २०७७ पौष १३ गते देखि १८ सम्म उपभोक्ता समिति सम्वन्धि अभिमुखिकरण तालिम लिएका उपभोक्ता समिति गठन भैसकेका योजनाहरुको सूचना प्रकाशन भएको मितिले १० दिन भित्र तपशिलका कागजात सहित सम्झौता गर्न सूचित गरिन्छ। पुनश्च म्याद भित्र सम्झौता गर्न नआएमा पुनः सम्झौताको लागि कार्यालय जिम्मेवार नहुने पनि व्यहोरा जानकारी गराईन्छ ।

## तपशिल

१. उपभोक्ता समिति गठन हनु पुर्व आम भेला हुनका लागि प्रकाशित ७ दिने सूचनाको प्रतिलिपी
२. उपभोक्ता समिति गठनको माईन्यूट
३. उपभोक्ता समितिको खाता संचालन/अनुगमन समिति गठनको माईनट
४. आम भेला सहितको निर्णयको प्रतिलिपी
५. योजना संचालन हुने स्थानको स्पष्ट फोटो
६. पदाधिकारीहरुको नागरिकताको प्रतिलिपी
७. उपभोक्ता समिति ७ जना, ९ जना, ११ जना मध्ये ३३ प्रतिशत महिला, अध्यक्ष सचिव र कोषाध्यक्ष मध्ये १ महिला, ३ जना खाता संचालन मध्ये १ महिला, अनुगमन समितिमा १ महिला भएको कागजात
८. योजना स्थलको लागत अनुगमन
९. उपभोक्ता समितिको खाता नम्वर र खाता संचालन भएको जानकारी
१०. उपभोक्ता समित गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७४ को अनुसूचि १ बमोजिम पदाधिकारीको विवरण
११. उपभोक्ता समितिको निर्णयमा सम्झौता गर्न जिम्मेवारी तोकिएको व्यक्ति साथै खाता संचालन गर्न श्रमदानको परिमाण कम्तिमा १० प्रतिशत गर्ने गरी खुलाईएको प्रमाणित प्रतिलिपी
१२. वडाको सिफारिस/योजनाको नाम, कार्यस्थल, काम सुरु हने मिति र योजना ईष्टिमेट रकम
१३. एक घरपरिवारको एक मात्र उपभोक्ता समितिको सदस्य बन्न पाउने र १८ वर्ष पूरा गरेको हुनुपर्नेछ ।
१४. **राजनैतिक दलका पदाधिकारी, जनप्रतिनिधी, राष्ट्र सेवक कर्मचारी, शिक्षक लगायत नेपाल सरकारको कोषबाट तलब भत्ता वा कुनै सुविधा प्राप्त व्यक्ति सदस्य नरहने व्यवस्था भएकाले अनिवार्य रुपमा यो बुँदामा ध्यान दिनुपर्ने।**

२०७७/०९/२३

महेन्द्रजङ्ग शाही
प्रमुख प्रशासकीय अधिकृत